**विदाइ सम्वोधनः**

मैले २०७८ असोज २२ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको रुपमा जिम्मेवारी सम्हाली २०७९ असार १३ गते आज २ सय ६२ दिन कार्यकाल सफलतापुर्वक पुरा गरी विदा हुँदैछु । सर्वप्रथम मन्त्रालयको कामका शिलशिलामा मन्त्रालयका सचिवज्यू सहित कर्मचारीहरु, पार्टीका नेता-कार्यकर्ता तथा सम्वद्ध सरोकारवाला सबैबाट सहयोग पाएँ । यस बीचमा मलाई साथ सहयोग गर्ने सबैप्रति आभारी छु । मेरो नेतृत्वमा यस क्षेत्रमा सुधार गर्न, सुशासन कायम गर्न र भावी योजनाको मार्गचित्रको प्रारुप अघि बढाउन प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद भन्न चाहन्छु ।

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा मेरो नेतृत्वमा छोटो समयमा चालिएका कतिपय कदमहरु युगान्तकारी छन् । म आउँदा यो क्षेत्रमा धेरै समस्या थिए । वैदेशिक रोजगार कार्यालयमा सेवाग्राहीका गुनासो धेरै थियो । वैदेशिक रोजगारीमा जाने श्रमिकहरु सेवा लिन लाइन बस्नुपर्ने बाध्यता रहेकोमा छोटो अवधिमै पुर्ण रुपमा अनलाइन सेवा प्रभावको प्रभावकारी कार्यन्वयन हुनु ऐतिहासिक उपलब्धी हो । वैदेशिक रोजगारी सम्वन्धी सेवाहरुलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी वनाउन सूचना प्रविधि मार्फत सेवा प्रवाह गरिएको छ ।

२. वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण कामलाई वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत गर्ने व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीमा श्रमिक पठाउने मुलुकहरुमध्ये महामारीपछि पुरानै लयमा फर्केको देशमा नेपाल अग्रस्थानमा छ । कोरोना भाइरस महामारीले बिथोलेको वैदेशिक रोजगारी र श्रम बजार पुरानै लयमा फर्काउन सफल भएका छौं ।

३. यस अवधिमा श्रम क्षेत्रका समस्या समाधान गर्ने, वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने र आन्तरिक रोजगारीका अवसर सिर्जना गर्न नीतिगत, कानूनी, संरचनागत आधार तयार गरिएको छ । वैदेशिक रोजगारीमा व्याप्त बेथिति धेरै हदसम्म हटेको छ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको पुन: एकीकरण परियोजना प्रदेश तथा स्थानीय तहवाट कार्यान्वयनको तयारी अघि बढाइएको थियो ।

५. वैदेशिक रोजगारीवाट फर्किएका कामदारहरूको सीप तथा दक्षता मुलुकमै प्रयोग गर्न सामाजिक तथा आर्थिक पुनर्एकिकरणका कार्यक्रमममार्फत स्वरोजगार हुने वातावरण तयार पार्ने पुन:एकीकरण सम्वन्धी निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृतिको चरणमा छ।

६. विभिन्न मन्त्रालयवाट सञ्चालन हुने रोजगारी सम्वन्धी कार्यक्रमको एकीकृत तथ्याङ्क व्यवस्थापनको लागि राष्ट्रिय रोजगार व्यवस्थापन सुचना प्रणाली विकास गर्ने र रोजगारीको एकीकृत राष्ट्रिय प्रणालीको ढाँचा तयारी अघि बढाइएको छ।

७ मन्त्रालयबाट सम्पादन हुने क्रियाकलापको मार्गदर्शन गर्न र कामलाई नतिजामूलक बनाउन यहि बीचमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयले पहिलोपटक पाँच वर्षे रणनीतिक योजना तयार गरेको छ।

८ बर्षौं पुरानो वैदेशिक रोजगार नीति परिमार्जन गरी समयानुकुल बनाउनका लागि गृहकार्य अघि बढाइएको छ।

९ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन ज्यालादर वृद्धि, दुर्घटना वीमाको व्यवस्था, स्वास्थ्य र शिक्षा क्षेत्र समेट्ने गरी कार्यक्षेत्र थप गरिएको छ। स्थानीय रोजगार संयोजकलाई अभिमुखिकरण गरिएको छ भने पहिलोपटक बार्षिक समीक्षा गरिएको छ।

१० वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विना झन्झट सहज र सरल तरिकाबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ। गुनासाहरु तत्काल सम्वोधनको व्यवस्था मिलाइएको छ। श्रम स्वीकृति नविकरणलाई सरल बनाइएको छ। छ। सेवाग्राहीका समस्या समाधान गर्न, जानकारी एवं सूचना प्रवाह गर्न हेल्प डेस्क स्थापना गरिएको छ।

११ वैदेशिक रोजगार सम्वन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी एकाइ गठन गर्ने तयारी भएको छ भने हाल वैदेशिक रोजगार विभागमा प्रहरी नायव उपरीक्षकको नेतृत्वमा प्रहरी युनिट स्थापना गरिएको छ।

१२ वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी वनाउन, गुनासोलाई तत्काल निराकरण गर्न तथा क्षतिपुर्तिको सिफारिस गर्न तथा अन्तर निकाय समन्वयका लागि र्यापीड रेस्पोन्स टीम बनाइएको छ।

१३ म मन्त्रीको रुपमा आइसकेपछि २०७८ कार्तिक २६ गते नेपाल-बेलायत श्रम सम्झौताका लागि बेलायत सरकारको  सम्बन्धित निकायसंग वार्ता गर्न कार्यदल गठन गरिएकोमा बेलायतसँग श्रम समझदारीको लागि मस्यौदा तयार भइसकेको छ।

१४ इजरायलमा दीर्घकालीन सहायक श्रमिकका लागि छनोट भएका श्रमिकहरुलाई निजी क्षेत्र तथा बिचौलीयारहित सरकार–सरकार (जिटुजी) प्रक्रियामार्फत पहिलोपटक इजरायल पठाउन सुरु गरिएको छ।

१५ श्रमिकहरुको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि वढाउने क्रममा साउदी अरेविया तथा सेसेल्ससँग नयाँ श्रम सम्झौता एवं संयुक्त अरव इमिरेट्स, मलेसिया र कतारसँग भएका श्रम सम्झौतालाई समसामयिक परिमार्जन गर्ने तथा माल्दिभ्स, सिसेल्स र इजरायलको निर्माण क्षेत्रमा श्रमिक लैजाने सम्वन्धि श्रम सम्झौताको पनि तयारी भइरहेको छ।

१६ यहि बीचमा नेपाल-कतार संयुक्त समितिको चौथो बैठक काठमाडौं सम्पन्न भयो भने नेपाल-युएईको दोस्रो वैठक संयुक्त अरव इमिरेट्सको आवुधाविमा सम्पन्न भयो।

१७  नेपाली कामदारको व्यावसायिक सुरक्षा सुनिश्चित गर्न, करार सम्झौताका व्यवस्थालाई प्रभावकारीरुपमा लागू गराउन तथा विदेशमा कार्यरत नेपाली श्रमिकको समस्या समाधानबारे विभिन्न १६ देशका राजदूत तथा अन्तर्राष्ट्रिय सङ्गठनका नेपालस्थित प्रतिनिधिसँग परामर्श भएको छ।

१८ गन्तव्य मुलुकहरुको सहयोगमा सातवटै प्रदेशमा सीप विकास तालिम सञ्चालन गर्नका लागि प्रस्ताव अघि बढाइएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम वजारको माग वमोजिमका तालिमहरु सञ्चालन गर्न आवासीय सुविधा सहितको व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको स्थापना गर्न वनेको गठन आदेश स्वीकृतिको चरणमा रहेको छ। अधिकारसम्पन्न

स्वायत्त तालिम प्रतिष्ठानमार्फत ठुलो संख्यामा श्रमशक्तीलाई सीपयुक्त बनाउने, एकीकृत तथ्याङ्क प्रणालि विकास गर्ने र स्वदेशी तथा विदेशी रोजगारदातासँग समन्वय गरी युवाहरुलाई रोजगारीमा आवद्ध गराउने योजना अघि बढाइएको छ।

१९ वैदेशिक रोजगारीमा गई अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्ति सम्वन्धी सेवालाई समेत अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गरिएको छ।

२० वैदेशिक रोजगार सुचना प्रणालीमा सवैको पहुँच अभिवृद्धि गर्ने कार्यलाई उच्च महत्व दिई गन्तव्य मुलुकसम्म विस्तार गर्ने नीति अनुसार स्तरोन्नतीको काम अघि बढाइएको छ।

२१ विदेशमा अलपत्र परेका नेपाली कामदारहरुलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न ओमन, कुवेत, युएई, साउदी अरव र वहराइनमा सेल्टरको व्यवस्था गरिएको छ।

२२ सात वटै प्रदेशवाट वैदेशिक रोजगारीको लागि पुन श्रम स्वीकृति प्रदान गरिएको छ। श्रम स्वीकृतिका सवै सेवाहरु प्रदेशबाटै प्रदान गर्ने गरी तयारी अघि बढाइएको छ।

२३ वैदेशिक रोजगारीको क्रममा भएका व्यक्तिगत ठगीको उजुरी प्रमुख जिल्ला अधिकारी समक्ष गर्न सकिने र प्रमुख जिल्ला अधिकारीले कानून वमोजिम उजुरी उपर कारवाही गरी पिडितलाई क्षतिपुर्ति दिलाउने व्यवस्था गरिएको छ।

२४ लामो समयदेखि रोकिएको दक्षिण कोरिया र इजरायलमा श्रमिक पठाउने कार्य मैले कार्यभार सम्हालेपछि सुरु गरिएको छ।  दक्षिण कोरियामा हालसम्म ४ हजार भन्दा बढी गइसकेका छन्।  इपिएस नविकरण प्रकृया पनि अघि बढिसकेको छ।

२५ सुरक्षित वैदेशिक आप्रवासन सम्वन्धी परियोजना आगामी आर्थिक बर्षदेखि थप दुई बर्ष संचालन गर्ने निर्णय गरिएको छ।

२६ युएई, साउदी अरेविया तथा भारतमा अलपत्र परेका कयौं श्रमिकहरुलाई उद्धार गरिएको छ।

२७ ‘भिजिट भिषा’मा यूएई पुऱ्याएर अलपत्र पार्ने काममा संलग्न व्यक्ती वा कम्पनीलाई पीडितको उद्धार तथा दोषिलाई कारवाहीको दायरामा ल्याइएको छ। विभिन्न प्रलोभन र कानुनले तोकेबमोजिम बाहेक अन्यत्रबाट विदेशमा श्रमिक पठाइ अलपत्र पार्ने व्यक्ति र संस्थालाई कारवाहीको दायरामा ल्याइएको छ।

२८ वैदेशिक रोजगारीको नाममा ठगि गर्नेहरुलाई नेपालको इतिहासमै पहिलो पटक नेपाल प्रहरीको सहयोगमा रेड कर्नर नोटिस जारी गरी नेपाल ल्याइ कारवाहीको दायरामा ल्याउने प्रकृया अघि बढाइएको छ।

२९ विभिन्न मुलुकमा घरेलु कामदारका रूपमा रहेका नेपाली महिलालाई स्वेदश आएर पुन: फर्कन पाउने व्यवस्था गरिएको छ।

३० त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रहेको श्रम डेस्क हटाइएको छ । विमानस्थलमा श्रमिकहरु निश्चित द्वारबाट मात्र प्रवेश गर्नुपर्ने बाध्यताको अन्त्य भएको छ।

३१ नेपाली श्रमिकको प्रमुख गन्तव्य मुलुक मलेसिया जान करिव दुई बर्षदेखि रोकिएकोमा पुन: सुरु गरिएको छ।

३२ एकपटक वैदेशिक रोजगारीमा गई फर्केका र उही काममा जाने श्रमिकलाई अनिवार्य अभिमुखीकरण तालिम लिनुपर्ने यसअघिको व्यवस्था हटाइएको छ।

३३ वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहज रुपमा सेवा दिने उद्धेश्यका साथ भैरहवामा संचालित गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नजिक वैदेशिक रोजगार व्यवस्थापन शाखा कार्यालय स्थापना गरिएको छ। निकट भविष्यमा संचालन हुने पोखरा अन्तराष्ट्रिय विमानस्थल नजिक पनि सोही अनुसारको व्यवस्था गर्ने प्रवन्ध अघि बढाइएको छ।

३४ वैदेशिक रोजगारीमा रहेका, अनौपचारिक क्षेत्र र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक कार्यविधि कानुन तर्जुमा गरिएको छ।

३५ सामाजिक सुरक्षा कोषका शाखा सातवटै प्रदेशस्तरमा लैजाने योजना अघि बढेको छ । यससम्वन्धमा कानुन, ऐन, नियमहरु संशोधन तथा परिमार्जनका लागि तयारी गरिएको छ ।

३६ श्रमिक अस्पताल निर्माणको लागि डिपिआर तयारीको वजेट विनियोजन भएको छ ।

३७ वैदेशिक रोजगार विभागवाट सञ्चालन हुने सेवाहरुलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।

३८ वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने निर्णय गरिएको छ । वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरुको नियमित योगदान रकम सञ्चित गर्ने, सञ्चित रकमको लगानीको प्रतिफल सञ्चयकर्ताले प्राप्त गर्न सक्ने गरी कार्यविधि बनाउन लागिएको छ ।

३९ जेठ मसान्तसम्ममा मन्त्रालयमा आएका १७ हजार ३ सय ४७ गुनासो तथा समस्यालाई समाधान गरिएको छ । विभिन्न मुलुकमाअलपत्र परेका १ हजार १२ जनाको उद्दार गरिएको छ ।

४० चालु आर्थिक बर्षको हालसम्म १५ करोड ३३ लाख रुपैंया वैदेशिक रोजगारीका क्रममा पीडितको ठगी रकम असुली गरिएको छ । अदालतमा ७२ वटा मुद्धा दायर भएका छन् भने १९ करोड ५७ लाख रकम विगो दावी गरिएको छ ।

४१ वैदेशिक रोजगार विभागमा रहेको प्रहरी युनिटले २०७८ फाल्गुण देखि २०७९ जेठ ३१ सम्म प्रहरी शाखामा २ सय ९१ उजुरी प्राप्त भएकोमा दोषिलाई कारवाहीको दायरामा ल्याइ पीडितलाई क्षतिपुर्ति प्रदान गरिएको छ ।

४२ श्रमको सम्मान गर्दै स्वदेशमा नै रोजगारी गर्न उत्प्रेरित गर्ने उद्देश्यले श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन गरिएको छ । विदेशमा काम गरी फर्केका उद्यमीहरुलाई उत्प्रेरणा जागृत गराउन राष्ट्रिय सम्मान तथा पुरस्कारबाट विभिन्न क्षेत्रका उद्यमीहरुलाई सम्मान गरिएको छ ।

४३ वैदेशिक रोजगार विभागका निर्देशक संयोजक रहने गरी शीघ्र प्रत्युत्तर टोली RRT गठन गरी निरन्तर परिचालनको व्यवस्था गरिएको छ ।

४४ संयुक्त अरब इमिरेट्स (यूएई) मा कार्तिक दोस्रो साता भएको छैटौं श्रममन्त्रीस्तरीय 'आबुधाबी डाइलग' मा सहभागि भइ महामारीका कारण रोजगारी गुमाएर स्वदेश फर्केका श्रमिकको सामाजिक र आर्थिक जीवनलाई सुधार गर्न गन्तव्य देशबाट आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्ने प्रस्ताव गरिएको छ।

४५ वैदेशिक रोजगारीमा जाने नेपालीलाई सहज रुपमा कोभिड विरुद्धको खोपको व्यवस्था मिलाइएको थियो।

४६ गत मंसिर १७ गते नेपाल-कतार संयुक्त समितिको चौथो बैठक काठमाडौंमा भएको र सो क्रममा नेपाल र कतारबीच श्रमसम्झौता पुनरावलोकन गर्ने सहमति भए अनुसार प्रकृया अघि बढाइएको छ।

४७ कोरोना भाइरस महामारी अघि प्राप्त भएका डिमान्ड पुन: प्रमाणिकरण गर्न खर्चिलो, झन्झटिलो र असम्भव प्राय भएकोले रोजगारदाता मुलुकबाट २०७६ फागुनअघि वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन प्राप्त भएका मागपत्र कार्यन्वयनका लागि ६ महिनाको म्याद थप गरिएको थियो।

४८ वैदेशिक रोजगारीका विद्यमान समस्या र चुनौतीहरूको उचित सम्बोधन र व्यवस्थापनका लागि कार्यदलस्तरमा अध्ययन गरी समस्या निदान गरी समाधानका लागि प्रकृया अघि बढाइएको छ।

४९ नेपाली महिलालाई घरेलु श्रमिकका रुपमा वैदेशिक रोजगारीमा पठाउने कार्यलाई व्यवस्थापन तथा नियमन गर्न नीतिगत, कानुनी, संरचनागत व्यवस्था तथा अन्तर्राष्ट्रिय अभ्यास समेतको कार्यदल स्तरमा अध्ययन गरी समस्या समाधानका लागि प्रयास गरिएको छ।

५० स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनका लागि सञ्चार रणनीति र कार्ययोजना तयार गरी बजेट बाँडफाँड गरिएको छ।

५१ स्थानीय तहमा सुचिकृत वेरोजगारहरुलाई कार्यस्थलमा तालिम दिन ६ वटा सीपको क्षेत्रमा पाठ्यक्रम बनाइएको छ।

५२ कार्यस्थलमा हुने व्यवसायजन्य सुरक्षाका लागि सवै श्रम कार्यालयलाई श्रमिकको अधिकतम सुरक्षा प्रत्याभुत हुने गरी काम गर्ने व्यवस्था मिलाइएको छ।

५३ वैदेशिक रोजगारीमा जाने श्रमिकलाई लाग्ने अधिकतम शुल्क र सो प्रकृयामा सहजिकरण गर्दा लाग्ने अधिकतम सेवा शुल्क लगायत सम्वन्धमा अध्ययन गरी यसलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ।

५४ वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारका सदस्यहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने योजना अघि बढाइएको छ।

५५ संयुक्त अरब इमिरेट्स (युएई ), सेसेल्स, कतार र मलेसियाको भ्रमण गरी नेपाली श्रमिकहरूको हित र सुरक्षाबारे त्यहाँका मन्त्री र सरकारी अधिकारीहरुसँग छलफल गरिएको छ।

५६ वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता लगायतका अन्य सेवाहरू अनलाईन सफ्टवेयर प्रणाली -Foreign Employment Welfare Information Management System (FEWIMS) बाट प्रवाह गर्ने व्यवस्था गरिएको छ।

यसरी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा रहेर यस क्षेत्रलाई व्यवस्थित गर्न विभिन्न योजनाहरु सहित अघि बढिरहेको उहाँहरुलाई अवगतै छ। यो बीचमा महामारीले प्रभावित वैदेशिक रोजगारको क्षेत्रलाई पुनर्स्थापित गराउन सफलता मिलेको छ । सेवा प्रवाहहरुलाई 'आइनबाट-अनलाइनमा' रुपान्तरण गरिएको छ । नयाँ श्रम गन्तव्यको खोजी गरिएको छ। ठगि नियन्त्रण गरिएको छ। सातै प्रदेशमा सीप विकास तालिम प्रतिष्ठान स्थापनाका लागि तयारी अघि बढेको छ। श्रमिक अस्पतालको योजना अघि बढिसकेको छ। र यस क्षेत्रमा आशाको सञ्चार भएको छ। जति दिन म मन्त्रीको रुपमा रहें। निष्ठापूर्वक आफ्नो काममा प्रतिबद्ध र दृढ रहें। जनताले म प्रति देखाएको विश्वास अक्षुण्ण राख्न निरन्तर प्रयास गरिरहें। अव आउने नेतृत्वले मैले गरेका सुधारका प्रयासहरुलाई निरन्तरता दिने विश्वास लिएको छु। मन्त्रालयमा मेरो २ सय ६२ दिन उपलब्धीपूर्ण र सफलतापूर्वक सम्पन्न भएको छ। मलाई सहयोग पुर्याउनुहुने सम्माननीय प्रधानमन्त्रीज्यू, हाम्रो पार्टीका अध्यक्षज्यू, गणबन्धनका नेता तथा अन्य राजनीतिक

दलहरु, माननीय सांसदहरु, संचारकर्मीहरु, राष्ट्रसेवकहरु, निजी क्षेत्र, ट्रेड युनियन, दातृ निकाय, नागरिक समाज सवैलाई धन्यवाद दिन चाहन्छु ।